ठूलीभेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जुफाल, डोल्पा । कर्णाली प्रदेश, नेपाल

## पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८०/०८/०१ गते**

यस नगरपालिकाको मिति २०८० /०७ /२४ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार तपसिल बमोजिमका पदहरु सेवा करारबाट पूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका डोल्पा ठूलीभेरी नगरपालिका क्षेत्र भित्रका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त दिनुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं | विज्ञापन नं. | पद | समूह | तह/श्रेणी | संख्या | परीक्षा दस्तुर | सेवाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०८०।८१ | नगर प्रहरी सहायक निरीक्षक | खुला | चौथो | १ | ७०० | करार |
| २ | २/२०८०।८१ | नगर प्रहरी हवल्दार | खुला | द्बितीय | २ | ५०० | करार |
| ३ | ३/२०८०।८१ | नगर प्रहरी जवान | खुला | प्रथम | ४ | ५०० | करार |
| ४ | ४/२०८०।८१ | नगर प्रहरी जवान | महिला | प्रथम | २ | ५०० | करार |
| ५ | ५/२०८०।८१ | नगर प्रहरी जवान | दलित | प्रथम | १ | ५०० | करार |

१. **आवश्यक न्यूनतम योग्यताः**

- नेपाली नागरिक भएको ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट नगर प्रहरी जवान पदको हकमा अष्टम् कक्षा उत्तिर्ण , नगर प्रहरी हवल्दार पदको हकमाएसईई वा सो सरह, नगर प्रहरी सहायक निरीक्षक पदको हकमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण।
- उमेर कम्तिमा १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४० बर्ष ननाघेको ।

२. **आवश्यक कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- भूपूको हकमा ५ वा सोभन्दा बढी अवधि नेपाल प्रहरी , सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेनामा कार्यरत भई बैधानिक तरिकाबाट अवकाश भएको प्रमाणपत्र वा निवृत्तिभरण पाइरहेको प्रमाण ।
- मान्यता प्राप्त स्वास्थ्य संस्था वा अस्पतालले दिएको निरोगिताको प्रमाणपत्र ।
- सम्वन्धित इलाका वा जिल्ला प्रहरी कार्यालयबाट जारी भएको चारित्रक प्रमाणपत्र
- दलिततर्फ दरखास्त दिने उम्मेदवारको हकमा राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित गरेको पत्र ।

३. **आधारभूत शर्तहरुः**

- पुरुषको हकमा घटीमा ५ फिट २ इन्च, छाती ३१-३३ इन्च, तौल ५० केजी र महिलाको हकमा घटीमा उचाइ ५फिट र तौल ४५ केजी भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, मधुमेह नभएको ।
- कुनैपनि नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय नपाएको ।

४. **दरखास्त दिने स्थानः** दरखास्त ठूलीभेरी नगरपालिका , नगर कार्यपालिका कार्यालय , प्रशासन शाखामा बुझाउनु पर्नेछ । दरखास्तसाथ तोकिएको दस्तुर ठूलीभेरी नगरपालिका , नगर कार्यपालिका कार्यालयको राजश्व शाखामा रकम जम्मा गरेको रसिद वा ठूलीभेरी नगरपालिका, नगर कार्यापालिकाको कार्यालय, जुफाल डोल्पाको नाममा सिटिजन बैंकमा रहेको आन्तरिक राजश्व खातामा रकम दाखिला गरी सोको बैक भौचर पेश गर्नुपर्नेछ ।

५. **छनौटको किसिमः** शारीरिक परीक्षण, लिखित तथा अन्तर्वाता ।

६. **पारिश्रमिक सुविधाः** नगरपालिकासँगको करार सम्झौता बमोजिम उपलब्ध गराइनेछ ।

७. **सम्पर्क मितिः** दरखास्त दिने म्याद सकिएको भोलिपल्ट । ८. **परीक्षा मितिः** सम्पर्क मितिमा तोकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत